नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च.नं.: -

## प्रेस विज्ञप्ति

मिति २०७८/०१/३० गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रधानमन्त्रीको पदमा तेस्रो पटक नियुक्त हुनुभएका सम्माननीय प्रधानमन्त्रीज्यूले आज राष्ट्रपति कार्यालयमा पद तथा गोपनियताको शपथ लिनुभएको छ। शपथ लगत्तै सम्माननीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा पदभार ग्रहण गर्नुभएको छ। पदवहाली पश्चात माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकारज्यू एवम् परराष्ट्र सल्लाहकारज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, माननीय राज्यमन्त्रीज्यू, नेपाल सरकारका मुख्य सचिव र नेपाल सरकारका सचिवहरू एवम् विशिष्ट व्यक्तिहरुको उपस्थितिमा विशेष निर्देशन दिनुभएको छ। उक्त निर्देशनका क्रममा स्वच्छता, पारदर्शिता, भ्रष्टाचारमुक्त, सभ्य, आधुनिक, सामाजिक न्याय र समानता सहितको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षाको मार्गमा नेपाल सरकारका काम कारवाहीलाई ठोस रुपमा थप अगाडि बढाउन निर्देशन दिनुभएको छ।

सम्माननीय प्रधानमन्त्रीज्यूले कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि अपनाउनुपर्ने नीति, चाल्नुपर्ने कदम, गर्नुपर्ने कार्यहरूमा सम्पुर्ण सामर्थ्य, स्रोत साधन लगाएर गम्भीरतापूर्वक लाग्न निर्देशन दिनुभएको छ। सङ्क्रमणको दरमा कमी ल्याउन देशभरका ७३ जिल्लामा निषेध आदेश जारी गरिएको अवस्थामा नागरिकको जीवन रक्षालाई पहिलो प्रथामिकतामा राखी यस सङ्क्रमणको रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकारले आफ्नो सम्पुर्ण ध्यान केन्द्रित गरिरहेको छ। यस अघि सरकारले अघि बढाएका प्रयासहरूलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न कोभिड-१९ बाट सङ्क्रमितहरूका लागि अक्सिजनको अभाव हुन नदिन तत्काल अक्सिजन प्लान्ट खरिद गरिने, सङ्क्रमित सबैको उपचार गर्नसक्ने गरी अस्पताल एवम् स्वास्थ्य संस्थाहरूमा जीवनरक्षक औषधीलगतालयका स्वास्थ्य सामग्रीको प्रयाप्त व्यवस्था गरी भौतिक तथा संस्थागत पूर्वाधार विकास गरिने, कोभिड-१९ को उपचार र व्यवस्थापनमा कमी हुन नदिनको लागि आवश्यक चिकित्सकलगायतका स्वास्थ्यकर्मी थप गरी अग्रपङ्तिमा खट्ने सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मीलगायत कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराइने, शीघ्र कोभिड-१९ विरुद्धको खोप लगाउने व्यवस्था गरिने, कोभिड-१९ महामारिबाट उद्योग, व्यवसाय, उत्पादन र रोजगारीमा परेको प्रभावलाई सम्बोधन गर्न विशेष व्यवस्था गरिने लगायतका विषयमा गम्भीरतापुर्वक प्राथमिकता निर्धारण गरी कार्यसम्पादन गर्न निर्देशन दिनुभएको छ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

सम्माननीय प्रधानमन्त्रीज्यूले कोभिड-१९ को व्यवस्थापनको लागि राज्यको सम्पुर्ण सामर्थ्य परिचालन गर्ने विषयमा कमी र नैराश्यता आउन नहुने, संकटको समयमा समाधान सम्भव छ भन्ने भावनाले डटेर महामारीलाई पराजित गरी अगाढि बढ्न राज्यका सम्पुर्ण अङ्ग परिचालन गर्न/गराउन निर्देश गर्नु भएको छ। साथै महामारीको समयमा स्वास्थ्य सामग्री, औषधी र स्वास्थ्य सेवा उपलब्ध गराउने सन्दर्भमा भ्रष्टाचार र अनियमितता गर्ने माथि सरकार कडाइका साथ प्रस्तुत हुने बताउँदै यस्ता गतिविधि भएको पाइएमा तत्काल नियन्त्रणका लागि निर्देशन दिनुभएको छ।

सम्माननीय प्रधानमन्त्रीज्यूले सम्पुर्ण कर्मचारी संयन्त्रबाट सदाका झैं इमान्दारीता, प्रभावकारीता र पारस्पारिक समझदारीका साथ कार्यसम्पादन हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भएको छ। राज्यको सम्पत्ति सही ठाउमा सही तवरले सदुपयोग हुनुपर्ने साथै राज्यकोषको रकम मेहनत र पसिनाको थोपाबाट संचित हुने हुनाले यसको प्रयोगलाई अत्यन्त मितव्ययी एवम् प्रभावकारी बनाउने विषयमा सबैको उच्च संवेदनशिलता एवम् सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको साथ र सहयोग समेतको अपेक्षा गर्नु भएको छ।

कोभिड-१९ को महामारीका विरुद्ध एकजुट भएर लड्न, स्वास्थ्य मापदण्डहरू अपनाउन र सम्माननीय प्रधानमन्त्रीज्यूबाट व्यक्त भएका सम्पुर्ण निर्देशनहरूको अक्षरश पालना गर्न/गराउन सम्बद्ध सबैमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८ वैशाख ३१

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np